# नेपाल सरकारको वार्ता टोली र संयुक्त क्रान्तिकारी तराई मधेस मुक्ति मोर्चा बीच भएको सहमति

| मिति २०६९ बैशाख ६ गते भएको सहमति |
|---|

१. संयुक्त क्रान्तिकारी तराई मधेस मुक्ति मोर्चा शान्ति र संविधान प्रति प्रतिबद्ध रहँदै शान्तिपूर्ण राजनीतिमा आउने प्रतिबद्धता ब्यक्त गर्दछ र नेपाल सरकारबाट पनि मोर्चालाई राजनीतिक ब्यवहार गर्ने सहमति गरियो ।

२. वार्ता अवधिभर मोर्चाका वार्ता समूहका संयोजक तथा सदस्यहरुलाई सुरक्षाको प्रत्याभुति गर्ने सहमति गरियो ।

३. मोर्चासंग भएका सम्पूर्ण हातहतियारहरु आपसी सहमतिमा तय गरिने आगामी वार्तामा मोर्चाले नेपाल सरकारलाई हस्तान्तरण गर्ने सहमति गरियो ।

४. मोर्चाका बन्दी तथा थुनुवाहरुको नाम नामेसी सहितको विवरण आगामी वार्तामा पेश गर्ने र प्राप्त विवरण बोजिम नियमानुसार मुद्दा फिर्ता र बन्दी, थुनुवा रिहाई सम्बन्धी प्रक्रिया नेपाल सरकारबाट यथाशिघ्र आरम्भ गर्ने सहमति  गरियो ।

५. अव उप्रान्त कानूनद्वारा निषेध गरिएका कुनै पनि सशस्त्र, डरधम्कीयुक्त गतिविधिहरु मोर्चाले नगर्ने र कहिं कतै त्यस्तो गतिविधि भएमा सो को जिम्मेवारी मोर्चाले नलिने र त्यस्ता गतिविधिहरु उपर नेपाल सरकारले प्रचलित कानून बमोजिम कारबाही गर्ने सहमति गरियो ।

६. दुवै पक्षको अनुकूलतामा मिति र समय तय गरी यथाशिघ्र अर्को वार्ता गर्ने सहमति गरियो ।

**संयुक्त क्रान्तिकारी तराई मधेश मुक्ति मोर्चाको तर्फबाट :**

विवस विद्रोही (रामवृक्ष महतो)
संयोजक वार्ताटोली

**नेपाल सरकारको तर्फबाट :**

सत्य पहाडी
संयोजक
सरकारी वार्ता समिति एवं
मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

This document was created using SmartPDFCreator
To remove this message purchase the product at www.SmartPDFCreator.com